**नेपाल राष्ट्र बैंक**
**प्रेस समाचार**

## गभर्नर अधिकारी High-Level Policy Conference of Central Banks from the Global South मा सहभागी



गभर्नर श्री महा प्रसाद अधिकारी २०८१ मंसिर ६ देखि ७ गते (२१-२२ नोभेम्बर २०२४) सम्म भारतको मुम्बईमा आयोजित High-Level Policy Conference of Central Banks from the Global South मा सहभागी हुनुभयो । भारतीय रिजर्भ बैंकले आफ्नो स्थापनाको ९० औं वर्षका अवसरमा आयोजना गरेको उक्त सम्मेलनमा Global South का केन्द्रीय बैंकका गभर्नर एवम् उच्च पदस्थ पदाधिकारी, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक समूह, बैंक फर इन्टरनेशनल सेटलमेन्ट, स्वीफ्ट, भिसा जस्ता भुक्तानी प्रणालीसँग सम्बन्धित क्षेत्रका प्रतिनिधि लगायतका १८ देशका उच्चपदस्थ व्यक्तित्व एवम् विज्ञको सहभागिता रहेको थियो । भारतीय रिजर्भ बैंकका गभर्नर श्री शक्तिकान्त दास प्रमुख वक्ता रहनुभएको सो सम्मेलनमा आर्थिक वृद्धि र मुद्रास्फीतिको सन्तुलन, मौद्रिक नीतिको संचार, फिनटेक र डिजिटल बैंकिङ, विदेशी विनिमय संचिति व्यवस्थापन, नियमन र सुपरिवेक्षण जस्ता क्षेत्रमा Global South केन्द्रीय बैंकहरूले भोगेका चुनौती, अनुभव र अबको बाटोका बारेमा फरक फरक सत्रहरूमा छलफल भएको थियो ।

सम्मेलनको पहिलो दिनको पहिलो सत्रमा गभर्नर अधिकारीले Balancing Growth and Inflation in the Global South विषयक Panel Discussion मा Global South का केन्द्रीय बैंकहरूको प्रतिनिधित्व गर्दै Panelist को रुपमा आर्थिक वृद्धि र मुद्रास्फीति सन्तुलनका सैद्धान्तिक पक्ष र Global South अर्थतन्त्रका अप्ठेरा, नेपालजस्तो भुपरिवेष्ठित एवम् स्थिर विनिमयदर भएको

मुलुकले लिनसक्ने नीतिगत बाटो लगायतमा आफ्नो मन्तव्य राख्नु भएको थियो । साथै, सोही दिनको चौथो सत्रमा कोभिड-१९ र तत्पश्चात विकसित भुराजनैतिक तनावले मुल्य स्थिरता, वाह्य क्षेत्र र वित्तीय स्थायित्वमा नेपाल राष्ट्र बैंकले चालेका कदमको अनुभव प्रस्तुत गर्नुभयो । साथै, यस्ता उच्चस्तरीय क्षेत्रीय छलफल मञ्चको आवश्यकता बढेको र Global South केन्द्रीय बैंकहरू बीच समन्वय गर्न भारतीय रिजर्भ बैंकले खेलेको भूमिका महत्वपूर्ण रहेको धारणासमेत राख्नु भयो । उक्त सम्मेलनमा बैंकको आर्थिक अनुसन्धान विभागका उप निर्देशक डा. गुणराज भट्टको पनि सहभागिता रहेको थियो ।

**२०८१ मंसिर ०९ गते**

**गभर्नरको कार्यालय**